नेपाल सरकार

फोन/फ्याक्स नं. ०५५-५२०१२४

भूमि व्यवस्थापन, सहकारी तथा गरीबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि सुधार तथा मालपोत कार्यालय

गौर, रौतहट

पत्र संख्या :
चलानी नं. ५५११
प्राप्त पत्र संख्या : मिति

मिति :-२०७७/१२/०८

विषय :- सूचना टाँस गरिदिने सम्बन्धमा

श्री जिल्ला प्रशासन कार्यालय
गौर, रौतहट
श्री जिल्ला समन्वय समितिको कार्यालय
गौर, रौतहट
श्री को.ले.नि.का.गौर,रौतहट
श्री उद्योग वाणिज्य संघ गौर,रौतहट
श्री गौर न.पा.को कार्यालय,गौर,रौतहट
श्री गजंदेवी न.पा. को कार्यालय,रौतहट
श्री ईशनाथ न.पा.को कार्यालय,औरैया,रौतहट
श्री राजपुर न.पा.को कार्यालय,राजपुर,रौतहट
श्री परोहा न.पा. को. कार्यालय,रौतहट
श्री दुर्गा भगवती गा.पा.को कार्यालय,रौतहट
श्री यमुनामाई गा.पा.को. कार्यालय,रौतहट
श्री राष्ट्रिय वाणिज्य बैंक लि. ,गौर,रौतहट
श्री नेपाल बैंक लि.,गौर
श्री एन.आई.सी. एसिया बैंक लि.,गौर
श्री सनराईज बैंक लि.गौर
श्री ग्लोबल आई.एम.ई बैंक लि. गौर

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७७/१२/०६ गतेमा प्रकाशित भु-सेवा केन्द्र संचालनको सूचना एक प्रति यसै साथ संलग्न राखी पठाईएको छ। तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाईदिनुहुन अनुरोध गरिन्छ।

.................
जयमंगल साह
(नि.कार्यालय प्रमुख)

Scanned with CamScanner

नेपाल सरकार
श्री भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय

फोन नं. [illegible]
इमेल
[illegible]@dolma.gov.np

पत्र संख्या:
चलानी नम्बर:

## भू-सेवा केन्द्र संचालन अनुमतिका लागि अनलाइन निवेदन सम्बन्धी जरुरी सूचना

मिति : २०७७।२।०६ (प्रथम पटक प्रकाशित)

भूमि व्यवस्थापन तथा अभिलेख विभागको मिति २०७७।०१।१८ गते सूचना यस कार्यालयमा भू-सेवा केन्द्र संचालन निर्देशिका, २०७६ लागु गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू-सेवा केन्द्र स्थापना तथा संचालन गर्नको लागि मालपोत नियमावली नियम २३क र २३ख बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र संचालन निर्देशिका, २०७६ दफा ७ मा तोकिए बमोजिम पुर्वाधार पुरा भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानीय सरकारले अनुमति लिनको लागि मिति २०७७।२।०६ देखि मिति २०७८।०१।१५ सम्म www.public.dolma.gov.np मार्फत अनलाइन निवेदन पेश गरी सोसंग सम्बन्धित कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नु हुन सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। भू-सेवा केन्द्र अनुमति र योग्यता तपसिल अनुसार हुनेछ।

### तपसिल

| व्यक्तिको हकमा | संस्थाको हकमा | स्थानीय तहको हकमा | कानून व्यवसायी वा लेखापढी व्यवसाय गर्ने प्रमाण प्राप्त व्यक्तिको हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| १. अठार वर्ष उमेर पुरा भएको नेपाली नागरिक,<br>२. कम्प्युटर विषयमा प्रविणता गरेको वा अन्य विषयमा सो सरह योग्यता भई कम्प्युटर सम्बन्धि कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको,<br>३.प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको ।<br>४. भु-सेवा केन्द्र संचालनको लागि दफा | १. प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको,<br>२. संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तिमा प्रविणता गरेको वा अन्य योग्यता भई कम्प्युटर सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको ।<br>४. प्रचलित कानून | १. भु-सेवा केन्द्र संचालन गर्ने जनशक्ति र पुर्वाधार भएको | १. कानून व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाणपत्र भएको,<br>२. भु-सेवा केन्द्र केन्द्र संचालनको लागि दफा ७ बमोजिमको भौतिक पुर्वाधार भएको ।<br>३.प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बरको प्रमाणपत्र भएको । | १. प्रयोगकर्ताको नाममा जग्गाधनीको दर्ता प्रमाण पुर्जा भएको ।<br>२. आफ्नो नाममा सूचना प्रणालीमा अद्यावधिक भएको तर भू-सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता श्रेस्तामा भएको विवरण फरक |

कार्यालय प्रमुख

नेपाल सरकार
श्री भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्था तथा अभिलेख
भूमि सुधार तथा मालपोत कार्यालय
गौर, रौतहट

फोन नं. ०५५-५२०१२४
इमेल
:rautahat@dolma.gov.np

पत्र संख्या:
चलानी नम्बर:

| | | | | |
|---|---|---|---|---|
| ७ बमोजिम भौतिक पुर्वाधार भएको ।<br>५. नैतिक पतन देखिने गरी फौजदारी कसुरमा अदालतबाट दोषी नभएको पत्र । | बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको ।<br>५. करचुक्ताको प्रमाणपत्र।<br>६. भु-सेवा केन्द्र संचालनको लागि भौतिक पुर्वाधार भएको । | | | परी जग्गाधनी पहिचानमा जग्गाधनीले यस कार्यालयमा आई अद्यावधि गराउनु पर्नेछ । |

भू-सेवा सञ्चालनको लागि चाहिने पुर्वाधार (भु-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ७)

१. कम्प्युटर,
२. प्रिन्टर
३. ब्याकअप सिस्टमा
४. स्क्यानर
५. भू-सूचना प्रणालीसंग compatible हुने वायोमेट्रिक डीभाईस, वेब कैमरा तथा दस्तखत मेसिन
६. कम्तिमा २।२।MBPS internet connectivity

अनुमति पत्र दस्तुर, अवधि तथा नवीकरण सम्बन्धि व्यवस्था

१. जग्गा धनी स्वम अफैले One time password प्रयोग गरी अनलाइन प्रणालीमा पहुँच प्राप्त गरी निवेदन फारम भर्न सक्ने छन । सो साधारण प्रयोगकर्ताले यूजर अकाउन्ट खोल्नका लागी सम्बन्धित कार्यालयमा रु ५,००।-(पांच सय रुपैया दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नवीकरणका लागी एक सय रुपैया दस्तूर बुझाई पर्नेछ।

२. भू-सेवाको अनुमति लिन इच्छुक व्यक्तिले रु ३,०००।- ( तिन हजार रुपैया) दस्तुर बुझाउनुको साथै रु पचास हजार धरौटी वा बैंक ग्यारेन्टी राख्नुपर्ने छ ।

३. संस्था,कानुन व्यवसायी वा लेखापढीको हकमा रु ५,०००।- (पाँच हजार रुपैया) साथै रु २,००,०००।-(दुई लाख मात्र)धरौटी वा बैंक ग्यारेन्टी राख्नुपर्ने छ। साथै प्रत्येक आ.ब.मा म्याद भित्र व्यक्ति संस्था दुवैले तीन हजार दस्तुर बुझाई नविकरण गर्नु पर्ने छ ।

४.भू-सेवा केन्द्रको अनुमतिको लागि लाग्ने दस्तुर यस कार्यालयको कोड ३३६०१२००१ राष्ट्रिय वाणिज्य बैक लिमिटेडमा राजश्व शिर्षक १४२२९ खातामा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ । साथै राख्नुपर्ने धरौटी रकम राष्ट्रि वाणिज्य बैंक लिमिटेडमा को.ले.नि.का गौरको नाममा रहेको खाता नं. १२१०१००१०२०३०००० र यस कार्यालयको कोड नं. ३३६०१२००१ मा सो धरौटी रकम जम्मा गरी भौचर पेश गर्नु पर्नेछ ।

५. स्थानीय तहलाई भू-सेवा केन्द्रको अनुमति लिन र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

६.भू-सेवा केन्द्र संचालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुने छ ।

(मो. इजहार आलम)
कार्यालय प्रमुख

Scanned with CamScanner